# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापित २०७३

पत्र संख्या : २०७६/७७
चलानी न. २७६८

मिति :२०७७/०२/२२

श्री वडा कार्यालय सबै (१३)
मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक

विषय : आ.व. २०७७/७८ का लागि रोजगारमुलक आयोजना छनौट गरि शिफारिस गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०७७/०२/१८ च.न.१४६ को पत्र मार्फत आ.व.२०७७/७८ मा स्थानीय तह अन्तर्गत संचालन हुने रोजगार मुलक योजनाहरु वार्षिक नीति तथा कार्यक्रममा समावेश गरि स्वीकृत गर्न र उक्त स्वीकृत आयोजनाको अनुमानित लागत सहित प्रधानमन्त्री रोजगार कार्यक्रममा पेश गर्न अनुरोध गरिएको पत्र यसै साथ संलग्न गरिएको छ ।

पत्रमा उल्लेख भए अनुसार आ.व. २०७७/७८ मा श्रममुलक प्रबिधि प्रयोग गरि त्यस वडामा सुचिकृत बेरोजगारहरुलाई रोजगार प्रदान गर्ने गरि अधिकतम ३ वटा आयोजना छनोट गरि २०७७/०२/३२ गते सम्म शिफारीस गर्नुहुन अनुरोध गरिन्छ । आयोजना छनोट गरि शिफारीस गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ५ मा उल्लेखित क्षत्र भित्र परेको र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा २९,३० र ३१ मा उल्लेखित क्षेत्र भित्र समेत रही गर्नुहुन अनुरोध छ ।

माथि उल्लिखित कार्यविधि यस कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

बोधार्थ
श्री नगर प्रमुखज्यू, मेलम्ची नगरपालिका
श्री नगर उपप्रमुखज्यू, मेलम्ची नगरपालिका
श्री योजना शाखा, मेलम्ची नगरपालिका
श्री सूचना तथा संचार शाखा (अप्लोड गरिदिनुहुन), मेलम्ची नगरपालिका

.....................
रामहरी खत्री
रोजगार संयोजक
रोजगार सेवा केन्द्र

.....................
कुमार प्रसाद कोइराला
प्रमुख प्रशासकिय अधिकृत
**कुमार प्रसाद कोइराला**
**प्रमुख प्रशासकीय अधिकृत**

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail : info@pmep.gov.np
info.pmep.np@gmai
Website : pmep.gov.np

नेपाल सरकार
## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

मितिः २०७७/२/१८

प. सं. २०७६/७७
च. न. ९४६

दर्ता नं.:- २३५१
२०७७।२।१९

विषयः आ.ब.२०७७/०७८ को लागि रोजगारमूलक आयोजनाहरू वार्षिक कार्यक्रममा समावेश गर्ने बारे।

श्री स्थानीय तहहरू (सबै) ।
(मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।)

प्रस्तुत विषयमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिमस्थानीय तहमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीमा संलग्न गराउन गत आर्थिक वर्ष २०७५/७६ देखि सबै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम शुरुवात गरिएको व्यहोरा विदितै छ ।

चालु आर्थिक वर्ष २०७६/७७ मा पनि यसै प्रयोजनका लागि स्थानीय तहहरूबाट रोजगारमूलक आयोजनाहरू माग गरी कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम यस मन्त्रालयबाट प्राथमिकीकरण गरी कार्यान्वयन गर्न स्थानीय तहहरूलाई आवश्यक बजेट सहित पठाईएको व्यहोरा समेत अवगतै छ ।

गत आ.ब.र चालु आ.ब.को कार्यक्रम कार्यान्वयनको अनुभव समेतका आधारमा आगामी आ.ब.२०७७/०७८ मा यस कार्यक्रम अन्तर्गत संचालन हुने रोजगारमूलक आयोजनाहरू सम्बन्धित स्थानीय तहहरूबाट स्वीकृत भई वार्षिक कार्यक्रममा समावेश गर्ने र ती आयोजनाहरुमा सूचिकृत बेरोजगारहरुलाई रोजगारी प्रदान गर्ने व्यवस्था गरिएकोले देहाय बमोजिम गर्नु गराउनु हुन माननीय मन्त्रीस्तर मिति २०७७/२/१४ को निर्णयानुसार अनुरोध छ।

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहहरूबाट संचालन हुने रोजगारमूलक आयोजनाहरू कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ मा उल्लेखित क्षेत्रभित्र परेको, आयोजनाहरूको तर्जुमा र प्रस्ताव उक्त कार्यविधिको दफा ६ र ७ बमोजिम हुनुपर्ने भएकोले सो कार्यक्रम अन्तर्गत आगामी आ.ब. २०७७/०७८ मा संचालन गरिने आयोजनाहरु स्थानीय तहबाट तर्जुमा एवं स्वीकृत गराई वार्षिक कार्यक्रममा समावेश गर्ने।

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info@pmep.gov.np
info.pmep.np@gmai
Website : pmep.gov.np

नेपाल सरकार

**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सहयोग गर्ने गरी विश्व बैङ्कको वित्तीय सहयोगमा आगामी आ.ब. २०७७/०७८ देखि सबै स्थानीय तहमा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना संचालन गरिनेछ । सो आयोजना अन्तर्गत स्थानीय तहहरूबाट संचालन हुने रोजगारमूलक आयोजनाहरूको ढाँचा, तर्जुमा र स्वीकृति युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ ३०र ३१ बमोजिम हुनु पर्ने भएकोले सो आयोजना अन्तर्गत आगामी आ.ब. २०७७/०७८ मा संचालन गरिने आयोजनाहरू स्थानीय तहबाट तर्जुमा एवं स्वीकृत गराई वार्षिक कार्यक्रममा समावेश गर्ने ।

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मा हेर्न सकिने छ ।

३. यसरी माथि बुँदा १ र २ बमोजिम स्थानीय तहबाट स्वीकृत भई वार्षिक कार्यक्रममा समावेश भएका रोजगारमूलक आयोजनाहरूको अनुमानित लागत सहितको विवरण चालु आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तभित्र सक्कलै प्रति वा Soft copy यस कार्यक्रमको इमेल ठेगाना info.pmep.np@gmail.com वा info@pmep.gov.np मा पठाउने ।

२०७७/२/१८

(प्रकाश पन्थी)
शाखा अधिकृत

वोधार्थ:

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाण्डौ ।